सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक १५३ ♦ २०८१ साल पुस २८ गते आइतवार ♦ 12 Jan 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेस प्रदेश मानव विकास सूचकांकमा सबैभन्दा पछाडि

**खबर दर्पण समाचारदाता**

**पुस २७ गते, जनकपुरधाम**



मानव विकास सूचकांकमा सबैभन्दा पछि मधेस प्रदेश रहेको प्रदेश सरकारको एक प्रतिवेदनले औंल्याएको छ।

मधेस प्रदेश नीति तथा योजना आयोगले गरिबीको दर उच्च रहेको र मानव विकास सूचकांकमा मधेस प्रदेशको अवस्था निकै खस्किएको प्रतिवेदन हालै सार्वजनिक गरेको हो। मानव जीवनमा प्रत्यक्ष प्रभाव पार्ने शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकास जस्ता पक्ष मानव विकास सूचकांकमा पर्छन्।

आयोगको प्रतिवेदनमा बहुआयामिक गरिबीको दर मधेसमा २४.०२ प्रतिशत छ। गास, बास, कपासको समस्या र बिरामी हुंदा उपचार गराउन नसक्ने अवस्थालाई बहुआयामिक गरिबीको सूचीमा राखिन्छ। जसमा समग्र मुलुकको बहुआयामिक गरिबीदर २० प्रतिशत छ। बहुआयामिक गरिबीमा मधेस प्रदेश दोस्रो नम्बरमा छ। मधेसमा आर्थिक गरिबीदर २२.५३ छ। जसमा देशको समग्र आर्थिक गरिबीमा मधेस दोस्रो नम्बरमा छ।

मानव विकास सूचकांकमा मधेस प्रदेश सबैभन्दा पछाडि रहेको तथ्यांकले देखाउँछ। मधेस प्रदेशमा समग्र गरिबीको दर र बहुआयमिक गरिबी दर आधार वर्ष (आव २०७५/०७६) मा क्रमशः २७.७ र ४७.९ प्रतिशत थियो। त्यसमा सुधार भई आव २०७९/८० मा क्रमशः २२.५३ र २४.२ प्रतिशत पुगेको छ। जुन योजनाले समग्र गरिबीको दर २१ प्रतिशतमा झार्ने भनी लिएको लक्ष्यभन्दा कम हो।

त्यस्तै विकास सूचकांक ०.४२१ बाट ०.५१९ मा वृद्धि भएको छ। तर, मानव विकास सूचकांकमा मधेस अरू प्रदेशभन्दा पछाडि रहेको तथ्यांकले देखाउँछ। महोत्तरी र रौतहटको अवस्था सबैभन्दा कमजोर छ। पहिलो आवधिक योजनाले प्रतिव्यक्ति आय १

*बाँकी पृष्ठ २ मा*

## पत्रकार उमा सिंहको स्मृतिमा पत्रकार महासंघ धनुषा द्वारा राष्ट्रिय स्तरको पत्रकारिता सम्मान र पुरस्कारको थालनी

**खबर दर्पण समाचारदाता**

**पुस २७ गते, महेन्द्रनगर**

शहीद पत्रकार उमा सिंहको स्मृतिमा नेपाल पत्रकार महासंघ धनुषा शाखाले राष्ट्रिय स्तरको पत्रकारिता सम्मान र पुरस्कारको थालनी गरेको छ।

धनुषा शाखाका अध्यक्ष पुरन साहको नेतृत्वमा सुरु गरिएको यस सम्मान कार्यक्रम शहीद पत्रकार उमा सिंहको स्मृति दिवसको अवसरमा प्रत्येक वर्ष आयोजना गरिनेछ।

यो वर्षको 'उमा सिंह स्मृति राष्ट्रिय पत्रकारिता सम्मान' नेपाल पत्रकार महासंघकी नवनिर्वाचित ऐतिहासिक प्रथम महिला अध्यक्ष निर्मला शर्मा र मधेश भूगोलबाट प्रथम अध्यक्ष धर्मेन्द्र झालाई प्रदान गरिएको छ।

साथै, 'उमा सिंह पत्रकारिता पुरस्कार २०८१' उमा सिंहको हत्या हुँदा न्यायका लागि कुशल नेतृत्व प्रदान गरेका तत्कालीन धनुषा अध्यक्ष उमेश साहलाई प्रदान गरिएको छ।

धनुषा शाखाका अध्यक्ष साहका अनुसार, सम्मानित धर्मेन्द्र झा उमा सिंहको हत्या भएको समयमा अध्यक्ष रहेका र उनले न्यायका लागि अन्तर्राष्ट्रिय तहमा आन्दोलनको नेतृत्व गरेका थिए। त्यस्तै, वर्तमान अध्यक्ष निर्मला शर्मालाई उमा सिंहजस्तै साहसिक पत्रकार र महिलाहरूको गौरवका रूपमा सम्मान गरिएको हो।




कार्यक्रममा सम्मानित व्यक्तित्वहरूले धनुषा शाखाले सुरु गरेको यो सम्मान कार्यक्रम उमा सिंहप्रतिको वास्तविक श्रद्धाञ्जलि र पत्रकारिताको योगदानको मूल्याÃ न भएको बताएका छन्।

शाखा अध्यक्ष साहले उमा सिंहको नाममा सुरु गरिएको राष्ट्रिय सम्मानले धनुषा शाखाको गरिमा बढाउने र उमा सिंहको साहसिक कर्मको चर्चा राष्ट्रिय स्तरमा निरन्तर हुने विश्वास व्यक्त गरे।

समारोहमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य, मधेश प्रदेशका पदाधिकारी, धनुषाका पूर्वअध्यक्ष, आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिलका अध्यक्षसहित अन्य जिल्लाका प्रतिनिधिहरूको बाक्लो उपस्थिति थियो।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी







- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर,
- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प
- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल

साथै होम डेलिभरीको सुविधा छ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेस प्रदेश मानव विकास.....

हजार अमेरिकी डलर पुऱ्याउने लक्ष्य लिएकोमा आव २०७९/८० सम्म ८७५ अमेरिकी डलर मात्र पुगेको अनुमान छ। मधेस प्रदेशको प्रथम आवधिक योजनाले योजना अवधिमा औसत वार्षिक आर्थिक वृद्धिदर ९.० प्रतिशत हुने प्रक्षेपण गरिएको थियो।

योजना अवधिको पहिलो वर्षदेखि नै विश्वव्यापी फैलिएको कोभिड १९ र त्यसपछि रुस युक्रेन युद्धको कारण विभिन्न वस्तुको आपूर्ति शृंखला खलबलिएको र पेट्रोलियम पदार्थलगायतका वस्तुमा भएको मूल्य वृद्धिको असरले आर्थिक वृद्धिदरको लक्ष्य हासिल हुन नसकेको प्रतिवेदनमा उल्लेख छ।

आन्तरिक तथा बाह्य कारणले गर्दा योजना अवधिमा औसत आर्थिक वृद्धिदर २.५ प्रतिशतमा सीमित हुने अनुमान छ। योजना अवधिको अन्तिम वर्ष आर्थिक वृद्धिदर ३.८ प्रतिशतमा सीमित रहने प्रारम्भिक अनुमान छ। थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योजना अवधिको औसत वृद्धिदर ऋणात्मक छ भने उत्पादनमूलक उद्योगको वृद्धिदर न्यून छ। आधार वर्ष २०७९/८० मा मधेस प्रदेशको आर्थिक वृद्धिदर १.५ प्रतिशत थियो। प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ८६८ अमेरिकी डलर पुग्ने अनुमान थियो। त्यस्तै, आर्थिक वर्ष २०८०/०८१ मा मधेश प्रदेशको आर्थिक वृद्धि ३.८ प्रतिशत रही प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ८९२ अमेरिकी डलर पुग्ने अनुमान छ।

मुलुकमा विगतका आवधिक योजनाहरूमा आर्थिक वृद्धिदरको लक्ष्य उच्च रहने तर उपलब्धि न्यून रहने परम्परालाई तोड्दै मधेस प्रदेशको दोस्रो आवधिक योजनामा यथार्थपरक र प्राप्त गर्न सकिने आर्थिक वृद्धिदरको लक्ष्य प्रक्षेपण गर्न ननलिनियर लिस्ट स्क्वायर मोडेलको प्रयोग गरिएको छ। आधार वर्ष २०७९/०८० को कुल गार्हस्थ्य उत्पादनका आधारमा सोही वर्षको स्थिर मूल्यमा आर्थिक वृद्धिदरका अनुमानहरू प्रक्षेपण गरिएको छ।

योजना अवधिमा औसत आर्थिक वृद्धिदर ६.८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको औसत आर्थिक वृद्धिदर क्रमशः ४.४ प्रतिशत, ८.८ प्रतिशत र ७.३ प्रतिशत हुने लक्ष्य राखिएको छ। अन्तरसम्बन्धित तथा सर्वोपरि विषय क्षेत्रअन्तर्गतका रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयनको अवस्था हेर्दा ६० प्रतिशत रणनीति र ५७ प्रतिशत कार्यनीतिहरू कार्यान्वयनमा आएका छन्। आवधिक योजनामा अन्तरसम्बन्धित तथा सर्वोपरी विषयको कार्यान्वयनका लागि प्रस्ताव गरिएका १ सय ४३ वटा कार्यक्रमहरूमध्ये ५७ वटा अर्थात् ४० प्रतिशत कार्यक्रमहरू कार्यान्वयनमा आएका छन्। १ सय २९ वटा सूचक तय गरिएकामध्ये ७० वटा सूचकको मात्र प्रगति देखिएको छ। वन तथा वातावरण उपक्षेत्रबाहेक कुनै पनि उप-क्षेत्रको प्रगति ५० प्रतिशतभन्दा माथि छैन। तथ्यांक व्यवस्थापन र मानव संसाधन विकास उपक्षेत्रहरूको प्रगति शून्य छ। जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्यको कार्यान्वयन प्रगति र सूचकको प्रगतिबीच तालमेल देखिँदैन।

# राष्ट्रिय एकता दिवस .............

बाइसे, चौबिसे राज्यलाई एकीकृत गरेको जनाए।

मेयर क्षेत्रीले भने,राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतालाई शाहले अक्षुण राख्ने आधार तयार गरेका कारण विश्वका पुराना स्वतन्त्र राष्ट्रमध्ये नेपाल एक रहन पुगेको छ। विसं १७७९ मा जन्मिएका शाहले २० वर्षको उमेरमा गद्दी आरोहण गर्दै तत्कालीन आन्तरिक तथा बाह्य शक्तिलाई पराजित गरेर एकीकरण अभियान सञ्चालन गरेको क्षेत्रीले बताए।

उनले आफ्नो शासनकालमा 'घूस लिने र दिने दुवै राष्ट्रका शत्रु हुन्' भन्नेलगायत दिएको दिव्यउपदेश आज पनि भ्रष्टाचार न्यूनीकरण र सुशासन प्रवर्द्धन गर्ने सन्दर्भमा त्यतिकै समय सान्दर्भिक रहेको समेत मेयर क्षेत्रीले स्मरण गरे।

मेयर क्षेत्रीले पृथ्वी नारायण शाह बिशुद्ध आधुनिक नेपालको निर्माता भएकाले उनलाई कुनै पनि राजनितिक पार्टीसंग तुलनागर्न नसकिने र नमिल्ने जनाए। उनले

भौगोलिक अवस्थाको पाटोलाई ध्यान दिँदै शाहले नेपाललाई दुई ढुङ्गाबीचको तरुलको सङ्ज्ञा दिएको कुरालाई स्मरण गरे। यसै क्रममा कार्यक्रमलाई सम्बोधन गर्दै नागरिक बचाउ अभियानका केन्द्रिय सचिवालय सदस्य तथा यातायात बिभाग प्रमुख सानु पुर्बछानेले खादा र माला लगाउदैमा पृथ्वी नारायण शाहको सपना पुरा हुँन नसक्ने बताए। उनले पृथ्वी नारायण शाहले जनता मोटाए दरवार सुरक्षित रहन्छ भन्ने दिब्य उपदेशको स्मरण गर्दै जनता अशिले दलालहरुको चपेटामा दुब्लाउदै गईरहेको जनाए।

उनले देशमा भ्राष्टाचार, अत्याचार मिटरब्याज बैक तथा बितिय संस्थाको ठगी दिन प्रतिदिन बढदै गईरहेको अवस्थामा अहिलेको सरकारले त्यसलाई मलजल गरीरहेको उल्लेख गरे। नेता पुर्बछनेले भने,हामी शिरमा कफन बाँधेर अबस्था बदलिन लागिपरेका छौ मलाई बिश्वास छ एकदिन नेपाली जनताले यो ब्यवस्था अवश्य परीबर्तन गर्नेछ।

कार्यक्रमका अर्का बक्ता राप्रपा महोत्तरी क्षेत्र नम्बर १ का अध्यक्ष होम प्रसाद पोखरेल (कमलले) राष्ट्रनिर्माताले त्यसबेला दिएका अर्ति मुलुकमा सुशासन कायम गर्न निकै उपयोगी रहेको जनाउँदै उनले राष्ट्रप्रती देखाएको राष्ट्रबादलाई सबैले पालना गर्न सके देशले ठुलो फड्को मार्ने जनाए।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

## रामगोपालपुर नगरपालिका महोत्तरी


## भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ। धार्मिक यात्राको योग रहेको छ।

**मिथुन**-आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ।

**कुम्भ**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ।

**मीन** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१–५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मदन भण्डारी फाउण्डेशन मधेशको प्रदेश समिति गठन



**खबर दर्पण समाचारदाता**

**पुस २७ गते, बर्दिवास**

नेपाली कम्युनिष्ट आन्दोलनका नविन विचारक तथा जनताको बहुदलीय जनवादका प्रतिपादक जननेता मदनकुमार भण्डारीको स्मृतिमा गठित 'मदन भण्डारी फाउण्डेसन'को मधेश प्रदेश समिति बनेको छ । आज बर्दिबासमा सम्पन्न प्रदेशको विस्तारित बैठकले राज महम्मद रायको अध्यक्षतामा ५५ सदस्यीय प्रदेश तदर्थ समिति गठन गरेको हो । यो समितिले एक वर्षभित्रै प्रदेश अधिवेसनको आयोजना गर्ने फाउण्डेसनले जनाएको छ ।

नेकपा (एमाले)का स्थायी कमिटी सदस्य तथा मधेश प्रदेश इञ्चार्ज लीलानाथ श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न बैठकले छ महिनाभित्र प्रदेशका आठवटै जिल्ला अधिवेशन र सबै स्थानीयतहमा पालिकातहका समिति गठन गरीसक्ने निर्णय गरेको छ । विस्तारित बैठकमा पार्टीका नेता श्रेष्ठले नेपाली कम्युनिष्ट आन्दोलनका नविन विचारक तथा जनताको बहुदलीय जनवादी सिद्धान्तका प्रतिपादक जननेता मदनकुमार भण्डारीको स्मृतिमा गठित फाउण्डेसनले वैचारिक कामलाई प्रमुखताका साथ उठाउन पर्ने बताउनुभयो ।

सम्पन्न विस्तारित बैठकमा नेकपा (एमाले का पोल्युट ब्युरो सदस्यहरु सुमनराज प्याकुरेल, अच्युत मैनाली, ज्वाला साह, केन्द्रीय सदस्य सरोजकुमार यादव र प्रदेश अध्यक्ष चन्देश्वर मण्डलले सम्बोधन गर्दै विचारका क्षेत्रबाट मदन भण्डारीको योगदानले र ाष्ट्रियमात्र नभएर अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिक करण गर्न मद्दत मिलेको उल्लेख गर्नुभयो । विस्तारित बैठक राज मोहम्मद रायको अध्यक्षतामा सम्पन्न भएको हो ।

# लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घ महोत्तरीको नेतृत्व सर्वसम्मत चयन

**खबर दर्पण समाचारदाता**

**पुस २७ गते, बर्दिवास**



महोत्तरीमा नेपाली कांग्रेस निकट नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घको नेतृत्व सर्वसम्मत चयन गरिएको छ । नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घको प्रथम जिल्ला अधिवेशनले नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । प्रथम जिल्ला अधिवेशनबाट नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घ महोत्तरीको अध्यक्षमा विल्टु मण्डल सर्वसम्मत निर्वाचित भएको छ ।

त्यसैगरी उपाध्यक्षमा श्रवण मण्डल र जोगेन्द्र सिंह निर्वाचित हुनुभएको छ । सचिवमा निरज कुमार आले र निशान स्याङ्गतान , ससचिवमा राम चरित्र र हरी राना, कोषाध्यक्षमा प्रिती चौधरी निर्वाचित हुनुभएको छ । त्यस्तै, सदस्यहरूमा गणेश मण्डल,राम कृष्ण मण्डल,पतिदेव मण्डल, रामविर मण्डल,नारायण मण्डल र सूर्य बहादुर माझी सर्वसम्मत निर्वाचित हुनुभएको छ । 'राष्ट्रियता, समावेशी लोकतन्त्र, समाजवाद र आदिवासी जनजाति एकता' भन्ने मुख्य नारासहित महोत्तरीको औरही नगर पालकाको बजारमा भएको प्रथम जिल्ला अधिवेशनको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि नेपाली कांग्रेस महोत्तरीका जिल्ला सभापति नागेश्वर यादवले पार्टी सङ्गठनलाई बलियो बनाउन सबै एकताबद्ध भएर लाग्नुपर्ने बताउनुभयो ।

उहाँले पार्टीका भातृ एवम् शुभेच्छुक सङ्गठनहरू बलियो र क्रियाशील हुन जरुरी रहेको बताउनुभयो । नेपाली कांग्रेस आदिवासी जनजाती महासंघका केन्द्रीय सदस्य विजय कुमार मण्डलले पार्टीका नेता कार्यकर्ता सबैले पार्टी सङ्गठनलाई केन्द्रमा राखेर काम गर्नुपर्ने बताउनुभयो । उहाँले पार्टीलाई बलियो बनाउन सबै तहका भातृ एवम् शुभेच्छुक सङ्गठनलाई चुस्त दुरुस्त राख्न सबै एकताबद्ध हुनुपर्ने बताउनुभयो ।

कार्यक्रमको अधयक्षता आदिवासी जनजाति महासङ्घ मधेश प्रदेशको सभापति ज्वती स्याताङ्गले गर्नुभएको थियो भने कार्यक्रममा नेपाली काँग्रेसमा नेता बजरंग नेपाली, नेता चिर ञ्जीवि हमाल उपस्थित भएको थियो ।





मिथिला नगरपालिका धनुषा




गणेशमान चारनाथ नगरपालिका, धनुषा




औरही नगरपालिका, महोत्तरी



## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# शुभ स्वस्तिक अस्पताल वर्दिवास को १५ औं वार्षिकोत्सव सम्पन्न

**खबर दर्पण समाचारदाता**

**पुस २७ गते, बर्दिवास**



शुभ स्वस्तिक अस्पताल वर्दिवास को १५ औं वार्षिकोत्सव तथा शुभ स्वस्तिक ईन्स्टीच्युट प्रा.लि.का विद्यार्थीको स्वागत कार्यक्रम सम्पन्न भएको छ।
अस्पतालका निर्देशक दिपक कार्कीको अध्यक्षता र वर्दिवास नगरपालिकाका मेयर प्रहलाद कुमार क्षेत्रीको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।

विगत १५ वर्षदेखि वर्दिवास सहित यस क्षेत्रका विरामीहरुको स्वास्थ्योपचार गरेर सेवा पुर्‍याइरहेको यस अस्पतालले शुलभ स्वास्थ्य सेवाका साथै टेक्नीकल शिक्षा पनि प्रदान गर्दै आईरहेको छ । सो अवसरमा मेयर क्षेत्रीले शुभस्वस्तिक अस्पतालले वर्दिवासका हरेक किसिमका विरामीहरुलाई स्वास्थ्य सेवा उपलब्ध गराईरहेको तथा आवश्यक परेको वेलामा वर्दिवास अस्पतालसंग पनि समन्वय गर्दै स्वास्थ्य विमा कार्यक्रम समेत संचालन गरेको कुरा वताए ।

मेयर क्षेत्रीले निजि तथा सरकारी सवै अस्पतालहरुले नागरीक कै सेवा गर्नुपर्ने भएकाले स्वास्थ्यमा नाफा मात्र हेर्न नमिल्ने वताए । मान्छेको जिवन वचाउन सकिएको खण्डमा त्यो भन्दा ठूलो मूल्य कुनै नहुने हुँदा सवैलाई एउटै डालोमा हाल्न नमिल्ने वताए ।




अस्पतालका निर्देशक तथा संचालक दिपक कार्कीले मेरो आफ्नो घर पनि यहि भएको हुँदा अस्पतालका सेवाग्राहि पनि मेरा आफ्नै दाजुभाई दिदिवहिनिहरु हुने हुँदा आफूहरुले कहिल्यै मुनाफालाई मात्र नहेरेको वताए । उनले सेवा दिने क्रममा भएका सानातिना कमि कमजोरीलाई सुधार्दै प्रदेश कै उत्कृष्ट सेवा दिने अस्पतालको रुपमा आफुलाई उभ्याउन पाउँदा खुसि लागेको वताए ।
उनले यस वर्षवाट अस्पतालले नर्सिङ कार्यक्रम पनि संचालन गरेको हुँदा यहाँका वासिन्दाले सहज र सुलभ टेक्नीकल शिक्षा पाउनेछन् ।
होटल पर्यटन संघ मधेस प्रदेशका अध्यक्ष हिरा गौतमले अस्पतालको सेवावाट यस क्षेत्रमा पुगेको योगदानको चर्चा गर्दै यसवाट पर्यटन व्यवसायमा पनि आशाको किरण देखिएको वताए ।उनले सेवा दिने देशी विदेशी पाहुनाहरुलाई स्वास्थ्य समस्या परेको वेला तुरुन्त अत्याधुनिक सेवा सहितको स्वास्थ्य सुविधा पाउने ठाउँ यो अस्पतालले दिएपछि उनिहरु निश्चिन्त भएर यस क्षेत्रको भ्रमण गर्ने र यस ठाउँलाई वासको लागि पनि प्रयोग गर्ने गरेको वताए ।

# राष्ट्रिय एकता दिवस बर्दिवासमा मनाइयो




**खबर दर्पण समाचारदाता**

**पुस २७ गते, बर्दिवास**

राष्ट्रिय प्रजातन्त्र पार्टीको आयोजनामा राष्ट्र निर्माता पृथ्वीनारायण शाहको ३ सय ३ औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवस शनिवार महोत्तरीको बर्दिवासमा मनाइएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष राजेश्वर यादबको अध्यक्षता तथा बर्दिवास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीको प्रमुख आतिथ्यतामा मनाईएको कार्यक्रममा समाजमा बिभिन्न बिधामा योगदान पुर्याउँदै सामाजिक रुपमा कामगर्ने ब्यक्तित्वहरुको सहभागिता रहेको थियो । उनिहरुलाई रा.प्र.पा महोत्तरीले सम्मान समेत गरेको रा.प्र.पा महोत्तरीले जनाएको छ ।
कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा बर्दिवास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले आधुनिक नेपालको एकीकरण अभियानका नेतृत्वकर्ता शाहले राष्ट्रको एकीकरण अभियानमा पुर्याएको योगदानको स्मरण गर्दै कार्यक्रममा उनिप्रति श्रद्धासुमन अर्पण गरेका छन । उनले तत्कालीन गोरखाका राजा शाहले विभिन्न सामाजिक, आर्थिक र भौगोलिक चुनौतीकाबीच जनताको उत्साहजनक सहयोग र सहभागितामा छरिएर रहेका

*बाँकी पृष्ठ २ मा*

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सुचना

**तेस्रो पटक प्रकाशित मिति : २०८१/०९/२८**

यस कम्पनीको सम्पन्न विशेष साधरण सभाको निर्णय बमोजीम तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई साविक कम्पनी **ग्लोरी ईन्टरनेशनल काइन्डर स्कुल झापा प्रा.लि.**(प्रा.लि.न. १३०३६९) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋृण, धन, कर दायित्व आदि परिवर्तित नामको **ग्लोरी मन्टेश्वरी एण्ड काइन्डर स्कुल झापा प्रा.लि** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सुचनाद्धारा जानकारी गराइन्छ ।

## सूचना ! सूचना !! सूचना !!!

समाज वचत तथा ऋण सहकारी संस्थाको संचालक समितीको २०८१।०९।०७ को निर्णय अनुसार यस संस्थाको २२ औं साधारण सभा तपशिलको मिति,समय र स्थानमा हुने भएकोले यसै सुचनालाई आधार मानी सम्पूर्ण शेयर सदस्यलाई उपस्थितीको लागि अनुरोध गरिन्छ । यस संस्थाले आफ्नो शेयर सदस्यलाई पत्रीका, सामाजीक संजाल र रेडियो मार्फत सुचना दिईएको हुँदा यसै सुचनालाई आधार मानी सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितीको लागि अनुरोध गरिन्छ

**तपशील**

मिति : २०८१।१०।०३ बिहिवार
समय : ११ बजे देखी
स्थान : IRDS, समाज सहकारी अस्पतालको प्राङ्गणमा

**गीता अधिकारी**
अध्यक्ष

समाज वचत तथा ऋृण सहकारी संस्था
**बर्दिबास -०१, महोत्तरी**
सम्पर्क नम्बर : ९८१९८१४४३६,९८४४०५२६३८

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,